# एक वर्षभित्र 'ग्रे लिस्ट'बाट बाहिरिने गरी काम गरौं : अर्थमन्त्री खनाल

काठमाडौं, माघ १४ (नागरिक)- अर्थमन्त्री रामेश्वरप्रसाद खनालले सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी विषयमा नेपाललाई वित्तीय कारबाही कार्यदल (एफएटिएफ) को 'ग्रे लिस्ट' बाट जतिसक्दो चाँडो बाहिर निकाल्न सबै क्षेत्र र निकाय जिम्मेवार भएर लाग्नुपर्ने बताएका छन्।

'सम्पत्ति शुद्धीकरण निवारणः पारदर्शिता र वित्तीय सुशासन' भन्ने मूल नारासहित बुधबार आयोजित सम्पत्ति शुद्धीकरण निवारण राष्ट्रिय दिवस, २०८२ का अवसरमा बोल्दै अर्थमन्त्री खनालले तोकिएको समयभन्दा अघि नै आवश्यक सबै सुधारका काम सम्पन्न गरी आगामी एक वर्षभित्र नेपाललाई ग्रे लिस्टबाट बाहिर निकाल्नुपर्नेमा जोड दिए।

उनले अन्तर्राष्ट्रिय समुदायले नेपालमाथि कुनै दबाब दिएर वा बाध्य पारेर यी सुधार कार्य कार्यान्वयन गर्न लागिएको नभई आफ्नै संस्थालाई भ्रष्टाचारमुक्त, पारदर्शी र सुशासनयुक्त बनाउन तथा अर्थतन्त्रलाई बलियो बनाउने उद्देश्यका साथ यो प्रक्रिया अघि बढाइएको स्पष्ट पारे।

सम्पत्ति शुद्धीकरण निवारणका लागि भइरहेका सुधार प्रयासले अतिरिक्त आर्थिक दायित्व वा अनावश्यक लागत सिर्जना नगर्ने पनि अर्थमन्त्री खनालको भनाइ थियो।

विदेशी लगानी अपेक्षाअनुसार नआउनुको एक कारण वित्तीय प्रणालीप्रतिको विश्वास कमजोर रहेकाले सुधारमार्फत लगानी वातावरण सुधार गर्नुपर्ने उनले बताए।

एफएटिएफ र एसिया प्यासिफिक ग्रुपले जनवरी २०२७ सम्ममा सुधार गर्नुपर्ने विभिन्न विषयहरू समेटेर सुझाव दिएको जानकारी दिँदै अर्थमन्त्री खनालले पछिल्लो एक वर्षमा केही सुधार भएको र अबको एक वर्षभित्र बाँकी सबै सुधारका काम पूरा गर्नुपर्ने आवश्यकता औंल्याए। उनले सन् २०२६ को अन्त्यतिर सबै सुधार कार्य सम्पन्न हुने अपेक्षासमेत व्यक्त गरे।

सम्पत्ति शुद्धीकरणसँग सम्बन्धित मुद्दामा अनुसन्धान, अभियोजन र कारबाही प्रक्रियालाई प्रभावकारी बनाइनुपर्नेमा जोड दिँदै अर्थमन्त्री खनालले प्रमाणसहित बलियो मुद्दा तयार गरी तत्काल सम्पत्ति जफत गर्ने व्यवस्था मिलाउनुपर्ने बताए।

वित्तीय बजार मात्र नभई पुँजीबजारमा समेत पारदर्शितासम्बन्धी समस्या रहेको आशंका व्यक्त गर्दै उनले यही कारण माघ १ गतेदेखि पाँच लाख रुपैयाँभन्दा बढीको व्यावसायिक कारोबार बैंकिङ प्रणालीमार्फत मात्र गर्नुपर्ने व्यवस्था लागु गरिएको जानकारी दिए। निजी क्षेत्रबाट यस व्यवस्थाले समस्या सिर्जना गरेको भनिए पनि नगद कारोबारको सीमा नबढाइने अर्थमन्त्री खनालले स्पष्ट पारे।

कार्यक्रममा कानुन, न्याय तथा संसदीय मामिलामन्त्री अनिलकुमार सिन्हाले नेपालको वित्तीय स्वच्छता र सुशासनका लागि विश्वव्यापी रूपमा देखिएका कानुनी, नीतिगत तथा संस्थागत चुनौतीहरूलाई थप प्रभावकारी ढंगले सम्बोधन गर्नुपर्ने बताए। उनले हालको अवस्था चुनौती मात्र नभई आत्मसमीक्षा र थप सुधारका लागि अवसरसमेत भएको बताए।

## नेपाल एसबिआई बैंकका कर्मचारीको प्रतिज्ञा



काठमाडौं, माघ १४ (नागरिक)- नेपाल एसबिआई बैंक लिमिटेडले 'सम्पत्ति शुद्धीकरण राष्ट्रिय निवारण दिवस' को अवसरमा सबै कार्यालयका कर्मचारीहरूद्वारा प्रतिज्ञा गरेका छन्।

बैंकले सम्पत्ति शुद्धीकरण र आतंकवादी क्रियाकलापमा वित्तीय लगानी वा अन्य गैरकानुनी प्रयोजनका लागि दुरुपयोग हुनबाट बचाउन उच्चतम प्रावधान ग्रहण एवं पालना गर्नको लागि कर्मचारीहरूलाई प्रतिज्ञा गराएको हो।

नेपाल सरकारले माघ १४ गतेलाई राष्ट्रिय सम्पत्ति शुद्धीकरण निवारण दिवसको रूपमा मनाउन घोषणा गरे अनुरूप बैंकले सो दिवस मनाएको हो।

बैंकका प्रबन्ध सञ्चालक तथा प्रमुख कार्यकारी अधिकृत, रामकुमार तिवारीले प्रधान कार्यालय, काठमाडौंमा सम्पूर्ण कर्मचारीलाई एक कार्यक्रमका बिच प्रतिज्ञा गराएका थिए।

## ज्योति बैंकका ग्राहकलाई राइनो लजमा विशेष छुट

काठमाडौं, माघ १४ (नागरिक)- ज्योति विकास बैंक लिमिटेड र चितवन सौराहास्थित राइनो लज र होटलबिच सम्झौता भएको छ। बैंकका ग्राहकलाई होटलमा विशेष छुट प्रदान गर्ने सम्बन्धी सम्झौता भएको हो।

यस सम्झौता पश्चात् बैंकका ग्राहकले उक्त होटेलमा २५ प्रतिशतसम्म छुट प्राप्त गर्न सक्ने छन्। सौराहाको रमणीय प्राकृतिक दृश्य, शान्त वातावरण र उच्चस्तरीय सेवा सुविधाका कारण यस होटलले पर्यटकहरूको मन जित्दै चितवनको विशिष्ट गन्तव्यको रूपमा आफ्नो पहिचान स्थापित गरेको छ।




संस्थागत सुशासनलाई शिरोपर गर्दै समाजप्रति उत्तरदायी यस विकास बैंकले नवीन चिन्तनका साथ समाजको अभ्युदय र दिगो परिवर्तनको संवाहक बन्दै समस्त नागरिकको जीवन जाज्वल्यमान बनाउने उद्देश्यलाई सदैव उच्च प्राथमिकतामा राख्ने कार्यलाई निरन्तरता प्रदान गर्ने र आगामी दिन पनि परिवर्तनको ज्योति बन्ने अठोट प्रति प्रतिबद्ध रहेको छ।


## ऋणीलाई भाखा नाघेको कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धमा प्रकाशित ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८२/१०/१५ गते

यस माछापुच्छ्रे बैंक लि. तपसिलमा उल्लेखित शाखा कार्यालयहरुबाट तपाई तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गर्नु भएको कर्जाको साँवा, व्याज तोकिएको म्यादमा चुक्ता नगर्नु भएको र यस अघि पनि मौखिक तथा लिखित रुपमा कर्जा चुक्ता गर्नको लागि पटक पटक अनुरोध गर्दा पनि कर्जाको साँवा व्याज, थप व्याज अन्य दस्तुर आदि चुक्ता भुक्तान नगरी शर्त कबुलियतको उल्लंघन गर्नु भएकोले तपसिलमा उल्लेखित ऋणीको नाउँमा बक्यौता ऋणकर्जा चुक्ता भुक्तान गर्न यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले पैतिस (३५) दिनभित्र यस बैंकमा सम्पर्क राखी सम्पूर्ण कर्जाको साँवा, व्याज चुक्ता गर्नुहुन अनुरोध गरिन्छ। उल्लेखित समयावधिभित्र सम्पूर्ण कर्जाको साँवा, व्याज चुक्ता नगरेमा तपाई ऋणीले कर्जा लिंदा उपलब्ध गराएको धितो लिलाम गर्ने ऋणी, संचालक/प्रोप्राइटरको नाम कर्जा सूचनाकेन्द्रको कालोसूचीमा समावेश गर्ने तथा ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गर्ने लगायत कर्जा असुल उपर गरी लिनको लागि अन्य कानुनी कारवाहीहरु समेत अवलम्बन गरिने व्यहोरा यसै सूचनाबाट जानकारी गराउदै यथाशिघ्र कर्जा भुक्तानी गर्न विशेष अनुरोध गरिन्छ।

**तपसिल**

**शाखा कार्यालय : चन्द्रगढी**

**ऋणीको नाम, ठेगाना**

**१.** नेपाल सरकार (साबिक श्री ५ को सरकार), उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा प्राइभेट लिमिटेड कम्पनी ऐन, २०५३ बमोजिम दर्ता कायम रहेको **युनाईटेड एजुकेशनल एकेडेमी सर्लाही प्रा.लि.** ।
दर्ता नं. २४१३१/८, दर्ता मिति : २०६०/०२/३०, पान नं. : ३०१९४४४९२, दर्ता मिति : २०६२/०३/२२
ठेगाना : सर्लाही जिल्ला, हरिवन न.पा. वडा नं. ८, **शेयरधनी/संचालक : शोभा न्यौपाने (सुवेदी)**

**२. शोभा न्यौपाने (सुवेदी)**
ना.प्र.नं. १९३०८९/२०६, जि.प्र.का. सर्लाही, जारी मिति : २०६३/१२/१९
बाबु : बिष्णु प्रसाद न्यौपाने, पति : नवराज सुवेदी, ससुरा : हरिलाल सुवेदी
ठेगाना : सर्लाही जिल्ला, हरिवन गा.वि.स. वडा नं. २, हाल : सर्लाही जिल्ला, हरिवन न.पा. वडा नं. ८

**ऋणी १ र २ को लागि व्यक्तिगत जमानतकर्ताहरू**

| | |
|---|---|
| **१. शोभा न्यौपाने (सुवेदी)**<br>ना.प्र.नं. १९३०८९/२०६, जि.प्र.का. सर्लाही<br>जारी मिति : २०६३/१२/१९<br>बाबु : बिष्णु प्रसाद न्यौपाने<br>पति : नवराज सुवेदी, ससुरा : हरिलाल सुवेदी<br>ठेगाना : सर्लाही जिल्ला, हरिवन गा.वि.स. वडा नं. २<br>हाल : सर्लाही जिल्ला, हरिवन न.पा. वडा नं. ८ | **२. नवराज सुवेदी**<br>ना.प्र.नं. ३६४११९६७८, जि.प्र.का. सर्लाही<br>जारी मिति : २०४८/०९/२८<br>बाबु : हरिलाल सुवेदी<br>बाजे : होमनाथ सुवेदी<br>ठेगाना : सर्लाही जिल्ला, हरिवन न.पा. वडा नं. ८ |

**ऋणी २ को लागि व्यक्तिगत जमानतकर्ताहरू**

**प्रेम प्रसाद न्यौपाने**
ना.प्र.नं. १८६०२५१, जि.प्र.का. झापा, जारी मिति : २०४५/०१/३०
बाबु : बिष्णु प्रसाद न्यौपाने, बाजे : ईश्वरी प्रसाद न्यौपाने
ठेगाना : झापा जिल्ला, भद्रपुर गा.वि.स. वडा नं. १०, हाल : झापा जिल्ला, भद्रपुर न.पा. वडा नं. १०

**धितोमा रहेको सम्पतिको विवरण**

हरिलाल सुवेदीको बुहारी, नवराज सुवेदीको पत्नि, सर्लाही जिल्ला, हरिवन गा.वि.स. वडा नं. २ स्थायी ठेगाना भई हाल सर्लाही जिल्ला, हरिवन न.पा. वडा नं. ८ बस्ने शोभा न्यौपाने सुवेदीको नाममा मालपोत कार्यालय हरिवन, सर्लाहीमा दर्ता कायम रहेको सर्लाही जिल्ला, हरिवन गा.वि.स. वडा नं. १ सिट नं. १ ख स्थित कि.नं. १०८८, १०३७ र १२५२ को क्षेत्रफल क्रमश: ०-०-१०-० (बि.क.धु.क.) (१६९.३० व.मि.), ०-१-४-० (बि.क.धु.क.) (४०६.३५ व.मि.) र ०-१-३-४ (बि.क.धु.क.) (३९३.६६ व.मि.) बमोजिमको जग्गा तथा सो जग्गामा निर्मित सम्पूर्ण लिगलगापात समेत।

**(माथि उल्लेखित सम्पत्ति ऋणी शोभा न्यौपाने सुवेदी र ऋणी युनाईटेड एजुकेशनल एकेडेमी सर्लाही प्रा.लि. को नाममा धितोबन्धकी पारीत भई रोक्का रहेको)।**

**शाखा कार्यालय : नक्साल**

**ऋणीको नाम, ठेगाना**

नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा कम्पनी ऐन, २०६३ को दफा ५ को उपदफा (१) बमोजिम दर्ता कायम भएको **जेन्सन मल्टीपर्पोज प्रा.लि.** ।
दर्ता नं. २५७९७३/०७७/०७८, दर्ता मिति : २०७७/११/२०, पान नं. ६०९९५७४८४, दर्ता मिति : २०७७/११/२०
ठेगाना : काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. १, नक्साल, **संचालक/शेयरधनी : डुबलाल घर्ती मगर**

**व्यक्तिगत जमानतकर्ताहरू**

| | |
|---|---|
| **१. डुबलाल घर्ती मगर**<br>ना.प्र.नं. २५४७६/६१२, जि.प्र.का. प्यूठान<br>जारी मिति : २०५५/११/०५<br>बाबु : बिर बहादुर घर्ती<br>बाजे : भक्त बहादुर घर्ती<br>ठेगाना : प्यूठान जिल्ला, खबाङ्ग गा.बि.स. वडा नं. ३ | **२. कृष्टिना थापा**<br>ना.प्र.नं. ४९-०१-७१-०४७९०, जि.प्र.का. म्याग्दी<br>जारी मिति : २०७१/०९/१७<br>बाबु : सुर्य बहादुर थापा<br>पति : डुबलाल घर्ती मगर, ससुरा : बिर बहादुर घर्ती<br>ठेगाना : म्याग्दी जिल्ला, पिप्ले गा.बि.स./गा.पा. वडा नं. ८ |

**धितोमा रहेको सम्पतिको विवरण**

१. नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा कम्पनी ऐन, २०६३ को दफा ५ को उपदफा (१) बमोजिम दर्ता कायम भएको जेन्सन मल्टीपर्पोज प्रा.लि. को नाममा मालपोत कार्यालय चावहिल, काठमाडौंमा दर्ता कायम रहेको काठमाडौं जिल्ला, महांकाल वडा नं. ३ स्थित कि.नं. ८६ को क्षेत्रफल १४३.१० (व.मि.) बमोजिमको जग्गा तथा उक्त जग्गामा निर्मित सम्पूर्ण लिगलगापात समेत।
२. ऋणी जेन्सन मल्टीपर्पोज प्रा.लि. ले बैंकलाई लेखिदिएको मौज्दात तथा चल सम्पत्तिको धितो सम्बन्धी सम्झौता (Hypothecation Agreement) बमोजिमको सम्पत्ति र हक हस्तान्तरण सम्बन्धी सम्झौता पत्र (Assignment Agreement) बमोजिम भुक्तानी प्राप्त गर्ने रकमहरु।

**शाखा कार्यालय : लुम्बिनी**

**ऋणीको नाम, ठेगाना**

**एकरामुद्दिन खां**
ना.प्र.नं. ७५२७४, जि.प्र.का. रुपन्देही, जारी मिति : २०४२/०४/२१
बाबु : बैस मोहम्मद मुसलमान, बाजे : दोस मोहम्मद मुसलमान
ठेगाना : रुपन्देही जिल्ला, तेनुहवा गा.वि.स. वडा नं. ९, हाल : रुपन्देही जिल्ला, लुम्बिनी सांस्कृतिक न.पा. वडा नं. ६

**व्यक्तिगत जमानतकर्ताहरू**

| | |
|---|---|
| **१. एकरामुद्दिन खां**<br>ना.प्र.नं. ७५२७४, जि.प्र.का. रुपन्देही<br>जारी मिति : २०४२/०४/२१<br>बाबु : बैस मोहम्मद मुसलमान, बाजे : दोस मोहम्मद मुसलमान<br>ठेगाना : रुपन्देही जिल्ला, तेनुहवा गा.वि.स. वडा नं. ९<br>हाल : रुपन्देही जिल्ला, लुम्बिनी सांस्कृतिक न.पा. वडा नं. ६ | **२. एजाज अहमद खान**<br>ना.प्र.नं. ४/२१४२२, जि.प्र.का. रुपन्देही<br>जारी मिति : २०६३/०३/१४<br>बाबु : एकरामुद्दिन खां, बाजे : बैस मोहम्मद मुसलमान<br>ठेगाना : रुपन्देही जिल्ला, तेनुहवा गा.वि.स. वडा नं. ८<br>हाल : रुपन्देही जिल्ला, लुम्बिनी सांस्कृतिक न.पा. वडा नं. ६ |
| **३. जबिहुन निसा मु.खां**<br>ना.प्र.नं. २३५९, जि.प्र.का. रुपन्देही<br>जारी मिति : २०५७/०७/०४<br>बाबु : ईस्लाम मुसलमान<br>पति : एकरामुद्दिन खा, ससुरा : बैस मोहम्मद मुसलमान<br>ठेगाना : रुपन्देही जिल्ला, तेनुहवा गा.वि.स. वडा नं. ८<br>हाल : रुपन्देही जिल्ला, लुम्बिनी सांस्कृतिक न.पा. वडा नं. ६ | **४. इमरान खान**<br>ना.प्र.नं. ३७१०४७/२४२२५, जि.प्र.का. रुपन्देही<br>जारी मिति : २०६५/०४/२९<br>बाबु : एकरामुद्दिन खां<br>बाजे : बैस मोहम्मद मुसलमान<br>ठेगाना : रुपन्देही जिल्ला, तेनुहवा गा.वि.स. वडा नं. ८<br>हाल : रुपन्देही जिल्ला, लुम्बिनी सांस्कृतिक न.पा. वडा नं. ६ |

**धितोमा रहेको सम्पतिको विवरण**

१. बैस मोहम्मद मुसलमानको बुहारी, एकरामुद्दिन खांको पत्नी, रुपन्देही जिल्ला, तेनुहवा गा.वि.स. वडा नं. ८ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, लुम्बिनी सांस्कृतिक न.पा. वडा नं. ६ बस्ने जबिहुन निसा मु.खांको नाममा मालपोत कार्यालय भैरहवा, रुपन्देहीमा दर्ता कायम भएको रुपन्देही जिल्ला, तेनुहवा गा.वि.स. वडा नं. ९ सिट नं. ९ क स्थित कि.नं. १०५१ र १०५४ को क्षेत्रफल क्रमश: ०-०-५$^{१/२}$ (बि.क.धु) र ०-०-१२$^{३/४}$ (बि.क.धु) बमोजिमको जग्गा तथा उक्त जग्गामा निर्मित सम्पूर्ण लिगलगापात समेत।
२. दोस मोहम्मद मुसलमानको नाति, बैस मोहम्मद मुसलमानको छोरा रुपन्देही जिल्ला, तेनुहवा गा.वि.स. वडा नं. ९ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, लुम्बिनी सांस्कृतिक न.पा. वडा नं. ६ बस्ने एकरामुद्दिन खांको नाममा मालपोत कार्यालय भैरहवा, रुपन्देहीमा दर्ता कायम भएको रुपन्देही जिल्ला, तेनुहवा गा.वि.स. वडा नं. ९ सिट नं.९ क स्थित कि.नं. ८९६ को क्षेत्रफल ०-०-१६.५ (बि.क.धु) बमोजिमको जग्गा तथा उक्त जग्गामा निर्मित सम्पूर्ण लिगलगापात समेत।

माछापुच्छ्रे बैंक
सबल, उत्कृष्ट एवं विस्तारित


## एनसेलको डेटा र आइएसओ नवीकरण



काठमाडौं, माघ १४ (नागरिक)- एनसेलले प्रतिष्ठित आइएसओ २७००१/२०२२ (आइएसएमएस) र २७७०१/२०१९ (पिआइएमएस) को आफ्नो मान्यतालाई नवीकरण गराएको छ।

यो नवीकरणले ग्राहकको विश्वासका लागि नयाँ मापदण्ड स्थापित गर्दै कम्पनीको सूचना सुरक्षा र डेटा गोपनीयतामा रहेको नेतृत्वदायी स्थानलाई थप सुदृढ बनाएको छ।

गत वर्ष, एनसेल सूचना सुरक्षा व्यवस्थापन प्रणाली (आइएसएमएस) र गोपनीयता सूचना व्यवस्थापन प्रणाली (पिआइएमएस) प्रमाणित हुने नेपालकै पहिलो दूरसञ्चार कम्पनी बनेको थियो।

यो मान्यता र यसको नवीकरणले ग्राहकको सूचना सुरक्षा सुनिश्चित गर्ने एनसेलको प्रतिबद्धतालाई पुष्टि गरेको छ।

नवीकरण प्रक्रियाअनुसार आइएसओद्वारा तोकिएको निकायमार्फत अडिटर नियुक्त गरी एनसेलमा सर्भेलेन्स अडिट गरिएको थियो।

आइएसओ मापदण्ड अनुसार मूल्यांकन गर्दै अडिटरले एनसेलका सूचना सुरक्षा तथा डेटा गोपनीयता सम्बन्धी सुशासन प्रक्रिया आइएसओद्वारा निर्धारित मापदण्ड अनुरूप रहेको पुष्टि गरेको हो। यी मान्यताहरु आगामी एक वर्षसम्म मान्य रहनेछन्।


## शिलबन्दी बोलपत्र आव्हानको सूचना

**सूचना प्रकाशित मिति : २०८२/१०/१५**

यस बैंकको केन्द्रिय कार्यालय तथा शाखा कार्यालयहरुको लागि सुरक्षा सेवा (Security Guard Services) २ (दुई) वर्षको लागि आवश्यक भएकोले बैंक तथा वित्तीय संस्थाहरुमा यस प्रकारका सुरक्षा सेवा प्रदान गर्दै आइरहेका अनुभव प्राप्त इच्छुक सुरक्षा सेवा प्रदायक रजिष्टर्ड फर्म/कम्पनीहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र बैंकबाट खरिद गरेको बोलपत्र फारम रितपूर्वक भरी शिलबन्दी बोलपत्र प्रस्ताव पेश गर्नहुन यो सूचना प्रकाशित गरिएको छ।

शिलबन्दी बोलपत्र फारम यस बैंकको सामान्य सेवा विभाग-केन्द्रिय कार्यालय, डिल्लीबजार, काठमाडौंबाट रु. ५,०००।०० (पछि फिर्ता नहुने गरी) बुझाई प्राप्त गर्न सकिने छ। शिलबन्दी बोलपत्र सम्बन्धी अन्य शर्त तथा बन्देजहरु लगायतका विस्तृत जानकारी बोलपत्र फारममा उल्लेख गरिएको छ।

**सामान्य सेवा विभाग**

लुम्बिनी विकास बैंक लि.
Lumbini Bikas Bank Ltd.
निरन्तर सहयात्रा
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त संस्था)
**केन्द्रीय कार्यालय, चौथो तल्ला । सनराईज बिज पार्क, डिल्लीबजार, काठमाडौं**
**फोन नं.: ०१-४५१३२३२, ४५१३२३४, ४५२१६९६, ४५२१६९८**


## ग्लोबल बैंकमा किओस्क मेसिनबाटै खाता खोल्ने सुविधा




काठमाडौं, माघ १४ (नागरिक)- ग्लोबल आइएमई बैंक लिमिटेडले ग्राहकलाई सरल, सहज र अत्याधुनिक बैंकिङ प्रदान गर्ने उद्देश्यले ग्राहक स्वयंले बैंकको शाखा कार्यालयमा रहेको किओस्क मेसिनबाट बैंक खाता खोल्न सक्ने सुविधा सार्वजनिक गरेको छ।

बैंकले आफ्नो १९ औं वार्षिकोत्सवको अवसर पारेर किओस्क मेसिनबाटै खाता खोल्न सकिने सुविधा ल्याएको हो। बैंकमा खाता खोल्न ग्राहकले बैंकको काठमाडौंको कमलादीस्थित शाखा कार्यालयमा रहेको किओस्क मेसिनबाट सहजै आफ्नो बैंक खाता खोल्न सक्ने छन्।

यसरी खाता खोल्नेक्रममा सम्पूर्ण विवरणहरू किओस्क मेसिन मार्फत प्रदान गर्नुपर्नेछ। आवश्यक कागजातहरू प्रविष्टी गरेपछि खाता नम्बर उपलब्ध गराइनेछ। हालका लागि यो सेवा बैंकको कमलादीमा रहेको डिजिटल युनिभर्सबाट मात्र उपलब्ध रहेको छ।

## नेपाल बिल्डकनको ११ औं संस्करण हुने




काठमाडौं, माघ १४ (नागरिक)- नेपालको समग्र निर्माण क्षेत्रको विकास गर्ने उद्देश्यले विगत एक दशकदेखि निरन्तर आयोजना हुँदै आएको अन्तर्राष्ट्रिय प्रदर्शनी नेपाल बिल्डकनको ११ औं संस्करण हुने भएको छ। यही माघ २२ देखि २५ गतेसम्म काठमाडौंको भृकुटीमण्डपमा आयोजना हुने भएको हो।

राष्ट्को पहिलो र एक मात्र निर्माण क्षेत्रसँग सम्बन्धित अन्तर ाष्ट्रिय प्रदर्शनी बिल्डकनको यो संस्करणमा तीन सयभन्दा बढी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय ब्राण्ड सहभागी हुने भएका छन्।

दुई सयभन्दा धेरै स्टल रहने उक्त प्रदर्शनीमा आफ्ना वस्तु तथा सेवा उपभोक्ता माझ प्रदर्शन गर्न पाउँदा सहभागिता जनाउने व्यवसायी तथा उद्यमी पनि निकै उत्साहित छन्।

मिडिया स्पेस सोलुसन्स प्रालि र फ्युचरएक्स ट्रेड फेयर एन्ड इभेन्ट्स प्रालिले संयुक्तरूपमा विगत ११ वर्षदेखि निरन्तर हरेक वर्ष आयोजना गर्दै आएको नेपाल बिल्डकन अन्तर्राष्ट्रिय प्रदर्शनीले नेपालको निर्माण उद्योगलाई आधुनिक प्रविधिसँग जोड्दै पूर्वाधार विकासमा महत्त्वपूर्ण योगदान दिँदै आएको छ।


## वर्गीकृत विज्ञापन/डिस्प्ले

### घरजग्गा

ज्ञानेश्वर मेनरोडमा २ आना १ दाम जग्गा सुपथ मुल्यमा: ९७६७२४२३५४

Ktm हाँडीगाउँ नेपालबैंक नजिकै विशालनगरमा ०-६-०-० जग्गा बिक्रीमा: 9841420589

### सम्पर्क

**फ्लेक्स प्रिन्ट सम्बन्धी सम्पूर्ण कामहरु गर्नुपरेमा हामीलाई सम्पर्क गर्नुहोस्: ९८४९३३३५९०**

### माइग्रेसन सर्टिफिकेट हरायो

मितिः २०८२/०८/२५ सुर्यविनायक देखि काठमाडौंसम्म जाँदा राष्ट्रिय परीक्षा बोर्ड (NEB) ले जारी गरेको माइग्रेसन सर्टिफिकेट हराएकोले पाउनुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा बुझाई दिनुहुन अनुरोध गर्दछु।
**नामः गोविन्द बस्नेत**
रजिस्ट्रेशन नं ६४७६६४०२९
ठेगानाः काठमाडौं -३
सम्पर्क नं.: ९७०५७०२७१७

### मालपोत कार्यालय टीकापुरबाट प्रकाशित हकदावी सम्बन्धी ३५ दिने सूचना

उपरोक्त सम्बन्धमा जिल्ला कैलाली लम्कीचुहा न.पा. वडा नं. ५ बस्ने गम्भिरे कामीको नाती जहरे कामीको छोरा ज.ध. पदमे कामीको मिति २०५२/०४/२९ मा आफ्नै कालगतीले मृत्यु भएकोले मृतक ज.ध. को शेषपछिको हकदार श्रीमती १ एक जना नामसरा कमेनी मात्र भएकोले ज.ध. पदमे कामीका नाममा दर्ता श्रेस्ता रहेको बलिया गा.वि.स. वडा नं. ७ ख को कि नं. २५४ ज.वी. ०-४-०-० पदमे कामीको नाम लगत कट्टा गरि मेरो नाममा एकलौटी नामसारी दा.खा. गरी पाउँ भनि नामसरा कमेनीले ज.ध. प्रमाण पुर्जाको हराएको सिफारिस पत्र, चालु आ.व. को मालपोत तिरेको रसिद, नागरिकता प्रमाण पत्रको प्रतिलिपि, नाता प्रमाणित प्रमाण पत्र, मृत्यु दर्ता प्रमाण पत्र सहित यस कार्यालयमा मिति २०८२/१०/०७ मा निवेदन दिएकाले उक्त जग्गा निवेदक नामसरा कमेनी नामसारी दा.खा. नगर्नुपर्ने कुनै कारण भए वा कसैको हकभोग जाने भए यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ (पैतिस) दिन भित्र स-प्रमाण सहित हकदावी गर्न आउनु होला अन्यथा ऐन कानून बमोजिम एकलौटी नामसारी दा.खा. भई जाने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।

### मोटरसाईकल हरायो

मिति २०८२।१०।१२ गते अं. २०:०० बजेदेखी २०८२।१०।१३ गते अं. ०४:१५ बजेको समय बिचमा का.जि.का.म.न.पा.६ रामहिटि घर अगाडी पार्किङ गरि राखेको निम्न ब्यहोराको भएको मोटर साईकल हराएको हुँदा फेला पार्नुहुने महानुभावले तलको सम्पर्क नम्बर वा नजिकको प्रहरी कार्यालयमा जानकारी गराई सहयोग गरिदिनु हुन अनुरोध गर्दछु।
**सवारी साधनको बिवरण:**
मोटरसाईकलको नाम: Suzuki Hayate EP 113 CC
मोटरसाईकल नं.: बा.प्र. ०२-२९ प १९२९
मोटरसाईकलको रङ्ग: कालो
ईन्जिन नं: AEAI-137198
च्यासिस नं: MB8NE44AFM8114207
सवारीधनीको नाम: सुरेन्द्र बज्राचार्य
सम्पर्क नं: ९८४१३२७१५०

### वर्गीकृत डिस्प्ले

कलर प्रति बक्स
१x५ = रु.१८००/-* मात्र
१x१० = रु.४०००/-* मात्र
श्याम/श्वेत प्रति बक्स
१x५ = रु.१२५०/-* मात्र
१x१० = रु.२८००/-* मात्र
*मू.अ.क. बाहेक
मार्केटिङ विभाग: ४२६५१०० एक्सटेन्सन ३१२
email: classified@nagariknews.com



## चौतारा साँगाचोकगढी नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
चौतारा, सिन्धुपाल्चोक

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(प्रकाशित मिति २०८२/१०/१५)

चौतारा सागाचोकगढी नगरपालिका, चौतारा, सिन्धुपाल्चोकबाट मिति २०८२/०९/०८ गते प्रभाव राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आव्हानको सूचना अनुसार रितपूर्वक म्यादभित्र www.bolpatra.gov.np/egp मा दर्ता हुन आएका बोलपत्रदाताहरुको बोलपत्र मूल्यांकन गर्दा न्युनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भएको निम्न बमोजिमको बोलपत्रदाताहरुको बोलपत्र स्वीकृत गरिने भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(१) र २७(२) तथा सोहि ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| सि.नं. | ठेक्का नं. | निर्माण कार्यको प्रकृति | न्युनतम मुल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भएका बोलपत्रदाताहरुको नाम र ठेगाना | कबोल अंक रू. (भ्याट, कन्टिजेन्सी र PS बाहेक) |
|---|---|---|---|---|
| १ | CSGM/NCB/ WORKS-08/082/083 | Upgrading Works of Thumki Deurali Majhtole Dandaghar Harre Holka Road, CSGM-10 | Sijan Bhai Construction and Suppliers, Jugal Rural Municipality-4, Sindhupalchok | २७,९२,३२९.१९ |
| २ | CSGM/NCB/ WORKS-09/082/083 | Upgrading Work of Bhanjyang Padhera Pallotole Chandeni Krishi Road Sector, CSGM-12 | Om Jaya Bhadaure Ganesh Muktinath Baba Nirman Sewa, Chautara Sangachokgadhi -5, Sindhupalchok | २९,८२,३९८.०० |
| ३ | CSGM/NCB/ WORKS-10/082/083 | L.O.G.Construction and Suppliers Pvt. Ltd., Chautara Sangachokgadhi - 13, Sindhupalchok | Jitpur Lekh Lift Khanepani Aayojana, CSGM-09 | १५,१५,९५५.५० |

प्रमुख प्रशासकीय अधिकृत


CamScanner